**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख ८ गते**
प्रदेश २ मा वैशाख ८ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ५ सय ९० जनाको स्वाब परीक्षण गरिएकोमा ५ सय ४१ जनाको रिपोर्ट नेगेटिभ र चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । ४५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।
त्यसैगरी, आरडीटी किटबाट परीक्षणका लागि वैशाख ८ गतेसम्म ३ हजार २ सय ३८ जनाको स्याम्पल सङ्कलन गरिएकोमा ३ हजार ८७ जनाको रिपोर्ट नेगेटिभ र सात जनाको रिपोर्ट पोजेटिभ आएको छ । पोजेटिभ रिपोर्ट आएकामध्ये ६ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको पीसीआर रिपोर्ट आउँन बाँकी रहेको प्रदेश २ सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
प्रदेश २ मा वैशाख ८ गतेसम्म १ हजार २ सय ५५ जना क्वारेन्टाइनमा रहेका छन् भने २ हजार ३ सय ८० जना होम क्वारेन्टाइनमा रहेका छन् । प्रदेशका आठ ओटै जिल्लामा २ सय २० बेड क्षमताको आइसोलेशन वार्ड छ । आइसोलेशन वार्डमा कोरोना आशङ्का गरिएका १४ जना बिरामी उपचारार्थ छन् ।
प्रदेश २ को प्रदेश सभा सचिवालयले गठन गरेको कोरोना रोकथाम तथा नियन्त्रण अनुगमन सर्वदलीय संसदीय समितिले वैशाख ७ र ८ गते प्रदेशका विभिन्न स्थानमा पुगेर स्थलगत अनुगमन गरेको छ । समितिका संयोजक समाजवादी पार्टीका सचेतक शैलेन्द्रकुमार यादव र सदस्यहरू राजपाका सचेतक परमेश्वर साह, कांग्रेस संसदीय दलका नेता रामसरोज यादव, नेकपाका सासद रामचन्द्र मण्डल र प्रदेश २ सचिवालयका डाक्टर अजय मिश्रा सहितको टोलीले बाराको कलैया जिल्ला अस्पताल र बीरगञ्जको क्षेत्रीय अस्पतालको निरीक्षण अनुगमन गरेको छ ।
धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलाले धनुषाका धार्मिक अगुवाहरूलाई बोलाएर जिल्लामा धार्मिक स्थलहरूमा कोही लुकेर बसेका छन् भने उपचार तथा क्वारेन्टाइनमा ल्याउनमा सहयोग गर्न वैशाख ८ गते आग्रह गर्नु भएको छ । जिल्लाका विभिन्न राजनीतिक दलका मुस्लिम प्रतिनिधिहरू तथा केही मौलानाहरूलाई समेत बोलाएर प्रमुख जिल्ला अधिकारी निरौलाले मुस्लिम अगुवा र मौलानाहरूको सहयोग बिना जमातीहरूको बारेमा जानकारी पाउन नसकिने भन्दै सहयोग गर्न आग्रह गर्नु भएको छ । कार्यालयका प्रशासकीय अधिकृत तथा सूचना अधिकारी गणेशचन्द्र मिश्रद्वारा जानकारी गराइए अनुसार बैठकबाट चार बुँदे निर्णय गरिएको छ । जिल्लाभित्र रहेका सम्पूर्ण मन्दिर, मस्जिद र गुम्बा लगायतका धार्मिक संरचनाहरूमा नव आगन्तुक तथा अपरिचित व्यक्तिहरूलाई बास नदिने तथा नयाँ व्यक्तिहरू आएमा सम्बन्धित संस्थाले तत्काल स्थानीय प्रशासनलाई खबर गर्ने लगायतका निर्णय गरिएको छ । बैठकमा मन्दिरका महन्थहरूलाई समेत बोलाइएको थियो ।
निरन्तरको लकडाउनका कारण उत्पादित तरकारी बिक्री नभई खेतबारीमै कुहिन थालेपछि सप्तरीका किसानहरू मारमा परेका छन् । ऋणकर्जा लिएर कोशी नदीको बगरमा वर्षेनी मौसमी तरकारी खेती गर्दै आएका हनुमाननगर कंकालिनी नगरपालिका-७ का किसान कृष्णविहारी मेहताले तरकारी बिक्री गर्ने बेलामा लकडाउन भएकाले उहाँको मात्र दैनिक २ सय किलो तरकारी कुहिन लागेको दुखेसो पोख्नु भयो । सप्तरी जिल्लामा कूल खेतीयोग्य जग्गा ८१ हजार ६ सय ६८ हेक्टर रहेकोमा १० हजार एक सय ४७ हेक्टरमा तरकारी खेती हुँदै आएको छ । तरकारी खेती गरेर जीविका चलाउँदै आएका कञ्चनरूप नगरपालिका-६ सितापुर गाउँका करिब १ सय घर रहेको महतो परिवार पनि मर्कामा परेका छन् ।
राहत पाउनका लागि आवश्यक कागजपत्र नभएर राहत नपाएका रौतहटको चन्द्रपुरका विपन्न तथा गरिब परिवारलाई नगरपालिकाले राहत उपलब्ध गराउने भएको छ । पहिलो चरणमा छुटेका

व्यक्तिहरूलाई राहत वितरणका लागि नामाली सङ्कलन वडा/वडामा भइरहेको चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सिग्देले जानकारी दिनु भयो ।
रौतहटको गौर नगरपालिकासँग जोडिएको भारतको सीमा क्षेत्रबाट हुने जावतजावतलाई पूर्णरूपमा रोक लगाउन गौर नगरपालिका-१ का अध्यक्ष भरत साह र नगरका मेयर अजय गुप्ताको पहलमा गौर नगरपालिकाले स्वयम्सेवक खटाएको छ । गौरबाट भारतको बैरगनीया लगायतका स्थानमा आवतजावत हुने भएकाले पूर्णरूपमा रोक लगाउन स्थानीय तहले प्रयास गरेको गौर नगरपालिकाले जनाएको छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** कञ्चनरूप नपा-८ का वडा सदस्य ३० वर्षीय सञ्जय पासवानलाई सोही ठाउँका २५ वर्षीय बिरेन्द्र सरदार र उनका भाई २२ वर्षीय सुरेश सरदार लगायतले कोरोना प्रभावितहरूलाई राहत वितरण गरेर घर फर्किने क्रममा वैशाख ७ गते कुटपिट गरी घाइते बनाएका छन् ।
आरोपितहरूले वडा सदस्य पासवानमाथि आक्रमण गरेको र आरोपितहरूलाई घटनास्थलबाटै गिरफ्तार गरी अन्य आरोपितहरूको खोजी भइरहेका ईलाका प्रहरी कार्यालय कञ्चनरूप, सप्तरीका डिएसपी मकेन्द्रकुमार मिश्रले बताउनु भयो ।
घाईते दुबै जनाको धरानस्थित बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको कञ्चनरूप नगरपालिकाका प्रमुख वसन्तकुमार मिश्रले बताउनु भयो ।
आरोपित सरदारले राहत लिनेहरूको नामावलीमा आफ्नो परिवारका सदस्यहरूको नाम छुटाएको भन्दै आक्रमण गरिएको वडा अध्यक्ष साहले बताउनु भयो ।
त्यसैगरी, निरन्तरको लकडाउनका कारण उत्पादित तरकारी बिक्री नभई खेतबारीमै कुहिन थालेपछि सप्तरीका किसानहरू मारमा परेका छन् । ऋणकर्जा लिएर कोशी नदीको बगरमा वर्षेनी मौसमी तरकारी खेती गर्दै आएका हनुमाननगर कंकालिनी नगरपालिका-७ का किसान कृष्णविहारी मेहताले तरकारी बिक्री गर्ने बेलामा लकडाउन भएकाले उहाँको मात्र दैनिक २ सय किलो तरकारी कुहिन लागेको दुखेसो पोख्नु भयो ।
ऋणकर्जा काढेर खेतमा फलाएको लौका, फर्सी, भाण्टा, काँक्रालगायतका तरकारीहरू कुहिएर खेर जान थालेपछि ऋण तिर्ने चिन्ता बढेको अर्का किसान अशोककुमार मेहताले सुनाउनु भयो । मेहनत र लगानी समेत डुब्न थालेको गुनासो गर्दै किसानहरूले तरकारी तथा फलफूल ओसार-पसार गर्ने सवारी साधनलाई छुट दिनुपर्ने माग गर्नुभयो ।
सप्तरी जिल्लामा कूल खेतीयोग्य जग्गा ८१ हजार ६ सय ६८ हेक्टर रहेकोमा १० हजार १ सय ४७ हेक्टरमा तरकारी खेती हुँदै आएको छ । तरकारी खेती गरेर जीविका चलाउँदै आएका कञ्चनरूप नपा-६ सितापुर गाउँका करिब १ सय घर रहेको महतो परिवार पनि मर्कामा परेका छन् । क्विन्टलका क्विन्टल काँक्रा, लौका, फर्सी, बन्दा कोबी, करेला, गोलभेडा, खुर्सानी, साग नोक्सान भइरहेको रामधनी महतोले पिडा सुनाउनु भयो ।
व्यापारीहरू तरकारी किन्न नआएकोले लगानी नै चौपट हुने गरी तरकारी कुहिन थालेको राजकिशोर र शिवनारायण महतोले बताउनु भयो । १३ जनाको परिवार पाल्दै आउनु भएका छोटीलाल महतोले १५ कठ्ठामा लगाएको तरकारी पनि माटोमा मिल्न लागेको बताउनु भयो । एकातर्फ सर्वसाधारणसम्म तरकारी पुग्न नसकी हाहाकार भएको छ भने अर्कोतर्फ तरकारीहरू बजारसम्म पुऱ्याउन नसक्दा खेतमै खेर गइरहेको छ ।

त्यसै गरी, एक महिनाको अवधिमा सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सञ्चालित 'फिभर क्लिनिक'मा २ सय ९८ जनाले ज्वरो जाँच भएका छन् । चैत ९ गतेदेखि सञ्चालित 'फिभर क्लिनिक'मा वैशाख ८ गतेसम्म १ सय १७ महिला र १ सय ८१ पुरूषले जाँच गराएका छन् । जसमा बालिका ३२ र बालक ४८, वयस्क महिला ८५ र वयस्क पुरूष १ सय ३३ जना रहेका छन् । वैशाख ८ गतेसम्म ज्वरो जाँच गराएका मध्ये ५५ जनालाई होम क्वारेन्टाइनमा र १७ जनालाई स्थानीय तहद्वारा सञ्चालित क्वारेन्टाइनमा पठाइएको छ ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा हालसम्म ४० जनाको स्वाब सङ्कलन गरिएकोमा ३९ जनाको नेगेटिभ आएको छ भने एक जनाको स्वाबको रिपार्ट आउन बाँकी रहेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले बताउनु भयो । रिपोर्ट पोजिटिभ आएका ७१ वर्षीय जेष्ठ नागरिकसहित उहाँको पत्नी र छोरालाई अस्पतालको आइसोलेनशमा राखेको छ । पत्नी र छोराको आरडिटी परीक्षण भने नेगेटिभ आएको छ ।

दुई छाक गुणस्तरहिन खाना दिएपछि अस्पतालले चिया समेत पिउन नदिएकाले रोगले भन्दा खान नपाएरै मरिने भन्दै उहाँहरूले इन्सेक प्रतिनिधिसमक्ष चिन्ता व्यक्त गर्नुभयो । आरडिटी रिपोर्ट पोजिटिभ आएका जेष्ठ नागरिक मृगौला पीडित भएकाले डायलासिस समेत गर्न नपाएको गुनासो गर्नुभयो ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालसहित छिन्नमस्ता अस्पताल र रूपनीस्थित युनिक अस्पतालमा गरी ५१ ओटा आइसोलेशन बेड रहेको छ । वैशाख ८ गते राजविराज, सुरूङ्गा, छिन्नमस्ता गरी २८ जनाको आरडिटी परीक्षण भएपछि हालसम्म सप्तरीमा ४ सय ८० जनाको आरडिटी परीक्षण भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

डाकनेश्वरी र सुरूङ्गा नगरपालिकाको क्वारेन्टाइनबाट पाँच/पाँच जना, तिलाठी कोइलाडी गाउँपालिकाबाट चार जना र महादेवा गाउँपालिकास्थित क्वारेन्टाइनबाट तीन जना गरी १७ जना पुरूष वैशख ८ गते घर फर्किए पछि सप्तरीको क्वारेन्टाइनहरूमा तीन महिला र १ सय ४० जना पुरूष रहेका छन् । यसैगरी हाल होम क्वारेन्टाइनमा १७ जना रहेका छन् ।

विश्वभर महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन लकडाउनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र गराउन पिपिईसहित प्रहरी परिचालन गरिएको छ । विना कारण घरबाहिर हिँड्ने व्यक्तिहरूलाई वैशाख ८ गतेदेखि म्यान क्याचिङ्ग डिभाइस *(Arrest and Rescue Equipment)* द्वारा नियन्त्रणमा लिई घाममा उभ्याई लकडाउनमा पालना गर्नुपर्ने नियमको बारेमा सम्झाउन थालिएको छ । महामारीको जोखिमबाट बच्न र बचाउन, सङ्क्रमित व्यक्तिहरूलाई सम्बन्धित स्थान सम्म पुऱ्याउन र अन्य उद्दार कार्यमा परिचालन हुन सक्ने गरी जिल्ला तथा मातहत समेतमा पिआरति *(Patient Receiving Team)* र आरआरति *(Rapid Response Team)* टोली गठन गरिएको डिएसपी तिलक भारतीले बताउनु भयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** वैशाख ८ गते सम्म ११ जना महिला ८८ जना पुरुष गरी ९९ जना बसी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले बताउनु भएको छ । त्यसैगरी होम क्वारेन्टाइनमा १४ महिला गरी १ सय ८६ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो

जिल्ला प्रहरी कार्यालय सिरहामा रहेका थुनुवाहरुको वैशाख ८ गते जिल्ला स्वास्थ्य कार्यालयको सहयोगमा १२ जनाको आरडीटी परीक्षण गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी घिमिरेले बताउनु भयो । त्यसैगरी हिरासत कक्षमा डिउटिमा खटिएका पाँच जना प्रहरीको पनि आरडीटी परीक्षण गरिएकोमा सबैको निगेटिभ परिणाम आएको डिएसपी घिमिरेले बताउनु भयो ।

लकडाउनका कारण राजधानी लगायत देशका विभिन्न स्थानबाट आएका पैदल यात्रुलाई सिरहाको लहान नगरपालिकाले खाना र खाजा खुवाएका छन् । लहान नपा-१ स्थित सहिद चौक नजिक नगरपालिकाले पैदल यात्रुहरु चार जनालाई खाना खुवाएका छन् भने २८ जनालाई वैशाख ७ गते खाजा खुवाएको र गनतव्यसम्म जाने २० जना जतिलाई खाली ट्रकमा घरसम्म पुऱ्याउने व्यवस्था मिलाएको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम नन्द भुसालले जानकारी दिनु भयो । त्यसैगरी लामोदुरी पारगर्दै हिंडेर आउने मजदुर तथा गरिब र विपन्न वर्गका लागि नगरपालिकाको तर्फबाट लहान नपा-११ पडरिया स्वास्थ्य चौकीमा अस्थाई रुपमा खाजा र पानी सहितको विश्राम कक्षको ब्यवस्था समेत गरिएको लहान नगरपालिकाले जनाएको छ ।
कोभिड-१९ को सम्भावित जोखिम हुन नदिन लहान नगरपालिका भित्रका मस्जिदहरुको वैशाख ७ गते अनुगमन गरिएको छ । ईलाका प्रशासन कार्यलय लाहानले मुस्लिम समुदायका अगुवासँगको सहकार्य र समन्वयमा मस्जिदको अनुगमन गरेको हो । अनुगमनमा इलाका प्रहरी कार्यलय लहानका डिएसपी सरत थापा क्षेत्री सशस्त्र प्रहरी वेस क्याम्पका डिएसपी अर्जुन सापकोटा, वडा अध्यक्ष तथा मुस्लिम समुदायका अगुवाहरुको उपस्तिथिमा लहान-५, ४, १८ र २० नम्बर वडाहरुमा अनुगमन गरिएको ईलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्रीले बताउनु भयो । अनुगमनमा लहान नपा-२० मा एक जना र लहान नपा-३ मा एक जना भारतीयहरुलाई फेला पारी क्वारेन्टाइनमा पठाएको डिएसपी थापाले बताउनु भयो ।
लक्ष्मीपुर पतारी गाउँपालिका-१ मा २ सय ६५ परिवारलाई वैशाख ८ गते राहत वितरण गरिएको गाउँपालिकाका अध्यक्ष रामवल्लभ साहले बताउनु भएको छ । चामल, दाल, आलु, साबुन, तेल र नुन लगायतका राहत सामग्रीहरु वितरण गरिएको थियो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्र प्रसाद सिंहका अनुसार** प्रदेश नं. २ को प्रदेश सभा सचिवालयले गठन गरेको कोरोना रोकथाम तथा नियन्त्रण अनुगमन सर्बदलीय संसदीय समितिले प्रदेशका विभिन्न स्थानमा पुगेर प्रदेश सरकारद्वारा भइरहेको कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि भइरहेको कार्यको स्थलगत अनुगमन वैशाख ७ र ८ गते गरेको छ ।
समितिका संयोजक समाजवादी पार्टीका सचेतक शैलेन्द्रकुमार यादव र सदस्यहरु राजपाका सचेतक परमेश्वर साह, काँग्रेस संसदीय दलका नेता राम सरोज यादव, नेकपाका सासद राम चन्द्र मण्डल र प्रदेश नं. २ सचिवालयका डा.अजय मिश्रा सहितको टोलीले बाराको कलैया जिल्ला अस्पताल र बीरगंजको क्षेत्रीय अस्पतालको निरीक्षण अनुगमन गर्नु भएको छ ।
समितिको टोलीले प्रदेशको विभिन्न स्थानको अस्पतालहरुमा पुगेर बिरामीले पाउने गरेको उपचार, कोरोनाको परीक्षण र क्वारेन्टाइनको अवस्था सहितको विषयमा बुझेको सभामुख सरोज कुमार यादवका राजनीतिक सल्लाहकार अनिल महासेठले बताउनु भयो ।
धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलाले धनुषाका धार्मिक अगुवाहरुलाई बोलाएर जिल्लामा धार्मिक स्थलहरुमा कोहि लुकेर बसेका छन् भने उपचार तथा क्वारेन्टाइनमा ल्याउनमा सहयोग गर्न वैशाख ८ गते आग्रह गर्नु भएको छ ।
जिल्लाका विभिन्न राजनीतिक दलका मुस्लिम प्रतिनिधिहरु तथा केहि मौलानाहरुलाई समेत बोलाएर प्रमुख जिल्ला अधिकारी निरौलाले बिना मुस्लिम अगुवा र मौलानाहरुको सहयोगले जमातीहरुको बारेमा जानकारी पाउन नसकिने भन्दै सहयोग गर्न आग्रह गर्नु भएको हो । बैठकमा मन्दिरका महन्थहरुलाई समेत बोलाइएको थियो ।

कार्यालयका प्रशासकीय अधिकृत तथा सुचना अधिकारी गणेशचन्द्र मिश्रद्वारा जानकारी गराइए अनुसार बैठकबाट चार बुँदे निर्णय गरिएको छ । गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३५८७ मिति २०७७/१/७ को सामाजिक सदभाव सम्बन्धी पत्र प्राप्त भई व्यहोरा बैठकमा अवगत भयो, जिल्लाभित्र रहेका सम्पूर्ण मन्दिर, मस्जिद र गुम्बा लगायतका धार्मिक संरचनाहरुमा नव आगन्तुक तथा अपरिचित व्यक्तिहरुलाई वास नदिने तथा नयाँ व्यक्तिहरु आएमा सम्बन्धित संस्थाले तत्काल स्थानीय प्रशासनलाई खबर गर्ने निर्णय गरियो ।

त्यस्तै कोभिड-१९ को प्रभाव नियन्त्रण सम्बन्धी चेक जाँच लगायतका प्रहरी प्रशासन र स्वास्थ्यकर्मीहरुबाट गरिने कृयाकलापहरुमा सम्पूर्ण पक्षहरुले आ-आफ्नो तर्फबाट सक्रिय सहयोग गर्ने निर्णय गरियो ।

कोभिड-१९ सम्बन्धि कुनै पनि अफवाहहरुमा विश्वास नगर्ने तथा यससँग सम्बन्धित अपुष्ट जानकारी कुनै पनि माध्यमबाट (सामाजिक संजाल समेत) नफैलाउनका लागि सर्वसाधारणमा आ-आफ्नो तर्फबाट अनुरोध गर्ने निर्णय गरियो । यसरी सामाजिक संजालबाट अफवाह फैलाउने सामाजिक सद्भाव भडकाउने/भडकाउन उक्साउनेलाई कानूनी कारवाहीको दायरामा ल्याउने निर्णय गरियो ।

वर्तमान परिस्थितिमा नागरिक समाजका सम्पूर्ण अगुवाहरु, धार्मिक संस्थाका प्रमुखहरु, राजनीतिक दलका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायतले समाजिक सदभाव र धार्मिक सहिष्णुतामा आँच आउन नदिन आ-आफ्नो तर्फबाट संवेदनशिल भई लकडाउनको पालना गर्न, गराउन सर्वसाधारणलाई अनुरोध गर्ने निर्णय गरियो ।

संघ, प्रदेश र स्थानिय तहबाट वितरण भैरहेको राहतलाई लक्षित वर्गसम्म प्रभावकारी रुपमा पारदर्शी र विना भेदभाव वितरण गर्न सबैले सहयोग गर्ने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी निरौलाको अध्यक्षतामा जिल्लाको समग्र शान्ति, सुरक्षा, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता सम्बन्धमा बसेको बैठकमा पुर्व मन्त्री तथा नेकपाका नेता मातृका प्रसाद यादव समेत उपस्थित रहेको कार्यालयका प्रशासकीय अधिकृत तथा सुचना अधिकारी मिश्रले जानकारी दिनु भयो ।

जनकपुरधाम उपमहानगरपालिका-२ शिवचौक बस्ने ४० वर्षीय कल्याण कुमार कर्णलाई बच्चाको लागी दुध लिन गएको बेला वैशाख ७ गते प्रहरीले निर्घात कुटपिट गरेको पीडितले आरोप लगाउनु भएको छ ।

कर्णले आफ्नो फेसबुक सञ्जालमा भिडियो राखेर न्यायका लागि जिल्ला प्रशासन कार्यालय र प्रदेश नं. २ का सरकार सहितका सरोकारवाला निकायलाई आग्रह गर्नु भएको छ ।

उहाँले  फेसबुक सञ्जालमा ‘लकडाउनको पालना सबैलाई गर्नुपर्छ । लकडाउन हाम्रै लागि हो बुझ्नु पर्छ । तर, दूध लिन जाँदा यसरी निर्ममता पूर्वक कुटपिट गर्नु कहाँको न्याय हो’-भनि प्रशन गर्नु भएको छ । ‘कदम चौकबाट बच्चाको लागी दुध लिएर शिव चौक जाँदै गर्दा प्रहरीले बाटोमा रोकेर सडकमै सुताएर निर्घात रुपमा कुटपिट गरेको पीडितले गुनासो गर्नु भएको छ ।

प्रहरीको कुटाइबाट कर्णको खुट्टा र हातमा गम्भीर चोट लागेको छ । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार गरिएको छ ।

जनकनन्दनी गाउँपालिका-२ का वडा अध्यक्ष भोगेन्द्र पाठकको आरडीटी टेस्ट पोजेटिभ देखिएको छ । उनी एक महिना भारत बसेर गत चैत २२ गते साँझ आउनु भएको थियो । भारतमा एक महिना बसेर चैत २३  गते घर आएका वडा अध्यक्षलाई स्थानिय गाउँवासीको सहयोगमा खजुरिको क्वारेन्टाइनमा चैत २४ गते साँझ राखिएको थियो ।

१४ दिन क्वारेन्टाइनमा राखिएपछि वैशाख ८ गते वडा अध्यक्षको आरडीटी जाँच गर्दा पोजेटिभ देखिएको ईलाका प्रहरी कार्यालय खजुरीका इन्स्पेक्टर हिरेन्द्र रोकायाले जानकारी दिनु भयो ।

जनकनन्दनी गाउँपालिकाको क्वारेन्टाइनमा राखिएका नौ जनाको जाँच वैशाख ८ गते गर्दा आठै जनाको नेगेटिभ देखिएको र वडा अध्यक्षको पोजेटिभ देखिएको छ । वडा अध्यक्षको रिपोर्ट पोजेटिभ देखिएपछि उहाँको स्वाब परीक्षणको लागि काठमाडौं पठाइएको छ ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजय कुमार सहका अनुसार** नेपालमा जमात समूहका मुस्लिमबाट कोरोनाको जोखिम बढेको भन्दै उनीहरुको तथ्याङ्क दुई दिनभित्र संकलन गर्न राष्ट्रिय मुस्लिम आयोगले निर्देशन दिएको छ । आयोगको वैशाख ७ गते बसेको बैठकले देशभरका मदरसा र मस्जिदमा जमात समूह भएमा दुई दिनभित्र सम्पूर्ण तथ्याङ्क बुझाउन जमात समूहका अगुवालाई निर्देशन दिएको हो । उदयपुरको मस्जिदमा रहेका १२ र पर्सामा तीन जना जमात समूहमा कोरोना सङ्क्रमण पुष्टि भएपछि आयोगले उक्त तथ्याङ्क मागेको छ । अध्यक्ष समीम मियाँ अन्सारीका अनुसार नेपालमा करीब १ सय विदेशी धार्मिक जमात छन् । धार्मिक कार्यमा आएका समयमा लकडाउनका कारण विभिन्न मस्जिदमा अड्किएका छन् ।
बैठकले देशभरका मस्जिद र मदरसाहरुको अनुगमन तथा लडकाउन पूर्ण पालना गराउन सरकारलाई सघाउन अध्यक्ष अन्सारीकै संयोजकत्वमा सात सदस्यीय केन्द्रीय समन्वय समितिसमेत गठन गरेको छ । समितिको सदस्यहरुमा पूर्वमन्त्री मोहम्मद जाकिर हुसैन, सांसद शेख चाँदतारा, राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य मोहना अन्सारी, मुस्लिम संघका अध्यक्ष अब्दुल सत्तार र धर्म गुरुहरु खुर्शिद इस्लाही (ओलमा) र खालिद सिद्धिकी (ओलमा) रहेका छन् ।
समिति जिल्लामा पनि बनाउने र जिल्ला प्रशासन तथा प्रहरीसँग मिलेर लकडाउन पालना गर्न मस्जिद तथा मदरसाहरुमा पुग्नेछ । मुस्लिम समुदायको महान् पर्व रमजान चार/पाँच दिनपछि नै आउन लागेकाले त्यसबेला नमाज पढ्ने ठाउँहरुमा भीडभाड हुन नदिनका लागि आयोगले अपिल गरेको छ ।
लोहरपट्टी नपा-६ बस्ने २८ वर्षीय आनन्द कुमार ठाकुरलाई प्रहरीले जथाभावी किसिमले लाठि प्रहार गरी घाइते बनाएका छन् । वैशाख ७ गते साँझ ठाकुर आफ्नो खाद्यन्न सामग्रीको पसल बन्द गरेर धारामा पानी खान गएको बेला सोही लोहरपट्टी नगरपालिकाका ईलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान शय अताबुल रहमानले लाठी प्रहार गरेर घाइते बनाएका हुन् ।
ठाकुरका अनुसार प्रहरीले ब्यक्तिगत रिसबीका कारणले गर्दा म माथि लाठि प्रहार गरेका हो । ठाकुरले भन्नु भयो,-'होलीको समयमा म सँग समान्य भनाभन भएको थियो । सोही रिसबी साध्न मलाई कुटपिट गरेको हो ।'
कुटपिटबाट काठुरको जीउभरी निल डाम देखिएको छ । उनको उपचार अहिले जनकपुरको जानकी हेल्थ केयरमा भइरहेको छ ।
महोत्तरी घर भै लकडाउनका कारण काठमाडौंमा फसेका र घर जान अति आवश्यक भएका पीडितहरुको लागि घर फर्काउने बन्दोबस्त गरिएको छ । घर फर्किन चाहनेहरुले तपसील अनुसारको व्यक्तिहरूसँग सम्पर्क गर्न अनुरोध गरिएको छ । साथै घर जान आवश्यक नभएका र आर्थिक अवस्था कमजोर भएकाहरुको लागि समेत राहतको पनि व्यवस्था गरिएको जनाएको छ । त्यसका लागि सम्पर्क नम्बर क्रमशः माननिय इन्दु शर्मा ९८४९७२७५१३ र दिपबहादुर योञ्जन ९८५४०३०८४० लगायत महोत्तरी काठमाण्डौं सम्पर्क मञ्चका अध्यक्ष राजेन्द्र कोइराला ९८५११४०७६९ लाई सम्पर्क गर्न अनुरोध गरिएको छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साहका अनुसार जिल्ला**मा हालसम्म आरडीटी परीक्षण ९६ जनाको गरिएको छ । जिल्लाको विभिन्न क्वारेन्टाइनमा बसेका ९६ जना शङ्कास्पद व्यक्तिहरुको

आरडीटी परीक्षण गर्दा ९५ जनाको नेगेटिभ आएको छ भने एक जना बालकको आरडीटी परीक्षण पोजेटिभ रिपोर्ट आएपनि पिसिआर परीक्षणमा नेगेटिभ रिपोर्ट आएको प्रमुख अधिकारी मोहनबहादुर जिसीले बताउनु भएको छ ।
वैशाख ७ गते हरिवन नगरपालिकाका क्वारेन्टाइनमा राखिएको २९ जना र कविलासी नगरपालिकामा एक जना गरी ३० जनाको आरडीटी परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी जिसीले बताउनु भयो । यसअघि चन्द्रनगर गाउँपालिकामा ५१ जना, हरिपुर नगरपालिकामा दुई जना, लालबन्दी नगरपालिकामा तीन जना, कौडेना गाउँपालिकामा पाँच जना, रामनगर गाउँपालिकामा चार जना र धनकौल गाउँपालिकामा दुई जना गरी ६६ जनाको आरडीटी परीक्षण गरिएकोमा एक जना १४ वर्षीय बालक बाहेक सबैको रिपोर्ट नेगेटिभ आएको थियो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या हालसम्म १ सय ७२ जना रहेका छन् । जिल्लाको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरिएको सङ्ख्या २ सय ३८ जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका १ सय ६२ जनाको स्वाव परीक्षण गरिएकोमा १ सय ४७ जनाको रिर्पोट नेगेटिभ आएको छ भने एक जनाको रिर्पोट पोजेटिभ आएको छ र बाँकी १४ जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।
त्यस्तै आरडीटीबाट स्वास्थ्य परीक्षण ३ सय २ जनाको गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा ८ सय ६१ वटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो ।
चितवनदेखि चन्द्रनिगाहपुरसम्म हिडेर आएका चितवनको इटाभट्टामा काम गर्ने ६० जना मजदुरलाई घर पुर्‍याउन लागि वैशाख ८ गते सहयोग गरिएको छ । चन्द्रपुर रौतहटमा जिफन्टको घटक युनियन यातायात मजदुर संगठनले चन्द्रनिगाहपुरमा उहाँहरुलाई विहान खाजा खुवाएका थिए । नेकपाका केन्द्रीय सदस्य तथा रौतहट जिल्ला इन्चार्ज युवराज भट्टराई र प्रदेश कमिटी सदस्य उद्धव रेग्मीको समन्वयमा हरिवन नगरपालिकाका मेयर गणेश प्रसाइँको व्यवस्थापनमा उहाँहरुलाई घर-घरमा पुर्‍याउनका लागि व्यवस्था गरिएको छ । चन्द्रपुर नपा-२ स्थित सहिदपार्क नजिकैबाट ६० जना मजदुरलाई घर पठाउँन चन्द्रपुर नपा-२ का वडा अध्यक्ष दुत्तबहादुर थिङ्ग, अनेरास्ववियुकी केन्द्रीय सदस्य आरती भण्डारी, यातायातका मजदुर राजु परियार र नरराज आचार्य लगायतले सहयोग गरेका छन् ।
रौतहट क्षेत्र नं.४ का राजपा नेपालका क्षेत्रीय अध्यक्ष कन्थमनी जयसवालले वैशाख ७ गते चन्द्रपुर –१० मा राहत वितरण गर्नु भएको छ । बाल्चनपुर, बकतौरा, बलुवा, घाघिटोल र श्रीनगरका करिब अतीविपन्न ५५ परिवारलाई जयसवालले खाद्यान्न सहयोग गर्नु भएको हो । उनले आफ्नो व्यक्तिगत खर्चमा रौतहटको गरुडा, गढीमाई र चन्द्रपुर नगरपालिकाको विभिन्न स्थानमा राहत वितरण गर्दै आएका छन् । गरुडा नपा-४ मा ७५ परिवार, वडा नं. २ र ३ मा ६५ परिवार र गढिमाई नपा-३, ४ र ९ मा १ सय १ परिवार र चन्द्रपुर नपा-१० मा ५५ परीवारलाई वैशाख ७ गते राहत वितरण गर्नु भएको थियो ।
राहत पाउनका लागि आवश्यक कागजपत्र नभएर राहत नपाएका चन्द्रपुरका विपन्न तथा गरिब परिवारलाई नगरपालिकाले राहत उपलब्ध गराउने भएको छ । पहिलो चरणमा छुटेका व्यक्तिहरुलाई राहत वितरणका लागि नामाली संकलन वडा वडामा भैरहेको चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सिग्देले जानकारी दिनु भयो । चन्द्रपुर नगरपालिकामा डेरामा बस्ने, नागरिकता नभएका व्यक्तिहरुले राहत नपाएको भन्दै गुनासो गर्दै आएका छन् । अहिले वडा वडामा तथ्याङ्क

संकलन भैरहेको चन्द्रपुरका वडा अध्यक्षहरुले जानकारी दिएका छन् । अझै केही वडाहरुले पहिलो चरणकै राहत वितरण गर्न सकेका छैनन् ।
रौतहटको गौर नगरपालिकासँग जोडिएको भारतको सीमा क्षेत्रबाट हुने जावतजावतलाई पूर्णरुपमा रोक लगाउन गौर नगरपालिकाले स्वयम्सेवक खटाएको छ । गौर नपा-१ का अध्यक्ष भरत साह र नगरका मेयर अजय गुप्ताको पहलमा नाकाहरुमा स्वयम्सेवक खटाइएको हो । गौरबाट भारतको बैरगनीया लगायतका स्थानमा आवतजावत हुने भएकाले पूर्णरुपमा रोक लगाउन स्थानिय तहले प्रयास गरेको गौर नगरपालिकाले जनाएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** कलैया उपमहानगरपालिका-७ रंगपुरमा सञ्चालित यादव कोल्ड स्टोरमा स्टोर गरेर राखेको खान अयोग्य तथा गुणस्तरहीन दाल राहतमा वितरण गरेको आरोपमा कलैया उपमहानगरपालिका-१ का वडा अध्यक्ष ५१ वर्षीय हरिओम प्रसाद सोना, सोही उमनपा-७ का वडा अध्यक्ष ५६ वर्षीय सर्फलाह हंसारी, सोही उपमनपा-२० का वडा अध्यक्ष ६५ वर्षीय महमद इमानुदिन र सोही उपमनपा-२० का वडा सचिव ४५ वर्षीय खेदु मियाँ अंसारी, सोही उपमनपा-२६ का वडा अध्यक्ष ४५ वर्षीय महेश साह, सोही उपमनपा-२७ का वडा अध्यक्ष रेयाजुल हक अंसारी साथै कोल्ड स्टोरका कर्मचारी ३५ वर्षीय कृष्णप्रसाद यादवलाई प्रहरीले वैशाख ७ गते दिउँसो निजहरुको घरबाट गिरफ्तार गरेको छ । गुणस्तरहीन दाल वितरण गरेको गुनासो पछि प्रहरीले दाल स्टोरलाई चैत २९ गते प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितको अगुवाइमा रहेको टोलीले शिल गरेको थियो । खाद्य ऐन २०२३ र नेपाल अधिराज्यको संविधान २०७२ उलङ्घन गरेकाले वैशाख ६ गते धन लक्ष्मी दाल मिल प्रा.लि.का सञ्चालक तेजकरण शर्मालाई वैशाख ६ गते गिरफ्तार गरेको थियो ।
कलैया उपमहानगरपालिकाको कार्यालयको सहयोगमा चैत २६ गतेदेखि २८ गतेसम्म वडा १, ७, ११, २०, २१, २२, २४, २६ र २७ मा अतिबिपन्न परिवारलाई राहत वितरण गरेकोमा सोही वडाहरुबाट गुनासो आएकाले अनुसन्धान गरिरहेको प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितले बताउनु भयो । खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौडाका सोमकान्त रिजालले राहतमा वितरण गरेको दाल गुणस्तरहीन भएको पुष्टि गरेकाले अनुसन्धान सुरु भएको उहाँले बतानउनु भयो ।
जिल्लाका १७ स्थानमा क्वारेन्टाइन रहेकोमा वेड सङ्ख्या ४ सय २९ रहेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । खड्काका अनुसार हालसम्म आइसोलेसन बेर्ड सङ्ख्या ४८ रहेको बताउनु भयो । क्वारेन्टाइनमा १ सय ७८ जनाको उपचार र निगरानी भएरहेको र समय अवधि समाप्त भई आवश्यक प्रक्रिया पुऱ्याएर क्वारेन्टाइनबाट २० जना फिर्ता आफ्नो घर गएको उहाँले बताउनु भयो । वैशाख ८ गते २० जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएपछि चिकित्सकको सल्लाह र क्वारेन्टाइनका प्रक्रिया पुऱ्याएर सबैलाई घर पठाइएकोमा उहाँहरु सात दिन होम क्वारेन्टाइनमा बस्ने खड्काले बताउनु भयो ।
कलैयामा रहेको एनआईसी एसिया बैंकमा राखेको पैसा झिक्नका लागि विगत १० दिनदेखि धाइरहेको कलैया उमनपा-१ का ३२ वर्षीय सुमन चौरसियाले बताउनु भएको छ । उहाँले पैसा नभएका कारण आफू भोकै बस्नु परेको अवस्था आएको बताउनु भयो । महागढीमाई नपा-२ का ३५ वर्षीय अशोक कुमारले पैसाको लागि बैंक धाइरहेपनि खाताबाट पैसा झिक्न नसकेको गुनासो गर्दै समय मिलाएर बैंक खोल्न माग गर्दै पहल गरिदिनका लागि जिल्ला प्रशासन कार्यालयसँग अनुरोध गर्नु भयो ।

कार्यालय, सडक र बस्तीमा खटिएका प्रहरीहरुका लागि प्रतिनिधि सभा सदस्य रामबाबु कुमार यादवले १ सय ५० ओटा सेनिटाइजर जिल्ला प्रहरी कार्यालयका एसपी कृष्ण प्रसाद पंगेनीलाई वैशाख ८ गते उपलब्ध गराउनु भएको बताउनु भएको छ । उहाँले जिल्लाका नाकाबाट आवत जावत रोकेर नागरिकलाई रोग लाग्न नदिनका लगि अझै प्रयास गर्न पर्ने बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** ठोरी गाउँपालिकाकाको विभिन्न वडामा घर भएका ९९ जना वैशाख ७ गते घर फर्किएका छन् । धादिङ जिल्लाको धार्केमा रहेको विनय इँटाभट्टामा मजदुरी गर्दै आइराख्नु भएका उहाँहरु ठोरी आइपुगेको गाउँपालिका अध्यक्ष पिएल.श्रेष्ठले बताउनु भएको छ ।
उहाँहरूलाई धादिङदेखि पथलैयासम्म इँटाभट्टा सञ्चालकले ट्रकमा राखेर ल्याइदिएको र पथलैयादेखि बढनिहारसम्म पैदल आएपछि बढनिहारका बासिन्दाले ट्र्याक्टरमा राखेर ठोरी गाउँपालिका र जीराभवानी गाउँपालिकाको सीमा क्षेत्र शान्ति टोलसम्म पुऱ्याइदिएको उहाँले बताउनु भयो ।
शान्ति टोलमा चिया, नास्ता गराउनुका साथै उहाँहरूको स्वास्थ्य चेकजाँच गर्ने र कोरोना तथा क्वारेन्टाइनसम्बन्धी जानकारी गराएर मात्रै गाउँपालिकाकै सवारीसाधनले घर-घरमा पुऱ्याइदिने गरेको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताउनु भयो ।
होम क्वारेन्टाइनमा बस्दा विपन्न परिवारकाहरूलाई आवश्यक सामग्रीको व्यवस्था गाउँपालिकाले गर्ने, साथै उहाँहरूको निगरानी तथा अनुगमन समेत जनप्रतिनिधि, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूले गरिरहेका छन् ।
वैशाख ६ गते पनि धादिङ र चितवनबाट १ सय ८ जना ठोरीवासी घर फर्किएका थिए । त्यसैगरी २० दिन पहिले भारतको विभिन्न स्थानबाट कञ्चनपुर हुँदै ४२ जना ठोरी आइपुगेका थिए । उहाँहरू सबैलाई सेल्फ क्वारेन्टाइनमा राखिएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले जानकारी दिनु भयो । १५ दिन क्वारेन्टाइनमा बस्दासम्म कुनै समस्या नदेखिए कुनै समस्या नहुने भन्ने थाहा भएकोले १५ र २० दिन कटेपछि क्वारेन्टाइनमुक्त भइरहेको उहाँले जानकारी गराउनु भयो । ठोरीमा अहिलेसम्म आरडीटी परीक्षण भने नभएको उहाँले बताउन भयो ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**